# सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा

सूचना नं.०४

लुम्बिनी प्रदेश, नेपाल

पहिलो पटक प्रकाशित मिति २०८२/०४/१९

## सामुदायिक वन उपभोक्ता समूहले कागजात तथा विवरण वुझाउने सम्बन्धी सूचना ।

सुनिलस्मृति गाउँपालिका वातावरण तथा विपद व्यवस्थापन समितिको मिति २०८२/०४/१५ गते बसेको वैठकको निर्णयानुसार सुनिलस्मृति गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण सामुदायिक वन उपभोक्ता समूहले वन नियमावली २०७९ को दफा ४५ को उपदफा (१) बमोजिम सामुदायिक वन उपभोक्ता समूहले स्थानीय तहमा अभिलेख राख्ने प्रयोजनका लागि आफ्नो समूहको विधान, समूह दर्ता प्रमाणपत्रको प्रतिलिपि, सामुदायिक वनको स्वीकृत कार्ययोजना र सामुदायिक वन हस्तान्तरण प्रमाणपत्रको एक एक प्रति तथा दफा ४५ को उपदफा (२) बमोजिमको सामुदायिक वन उपभोक्ता समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सामुदायिक वन उपभोक्ता समूहको वार्षिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेद र सामुदायिक वन उपभोक्ता समूहले विक्रिगरेको वन पैदावारको वार्षिक विवरण तथा बन ऐन २०७६ को दफा २२ को उपदफा (१) बमोजिमको उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तीमा पच्चीस प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धीत स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनिकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्य सञ्चालन गर्ने क्रियाकलाप सम्बन्धी योजना र लागत विवरणका कागजातहरु मिति २०८२ असोज मसान्तसम्म सुनिलस्मृति गाउँपालिकाको कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२०८२/०४/१९

..................
(नगेन्द्र प्रसाद रिजाल)
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत



फोन:०८६-४०११५२, ४०११७० इमेल:ssrm@sunilsmritimun.gov.npवेबसाइट:sunilsmritimun.gov.np